समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड,
केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक
आर्थिक वर्ष २०७९/०८० को,
"दशौँ वार्षिक साधारण सभाको निर्णय माईन्युट"

१. **वैधानिक सभा :**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/१२/०६ गते मंगलवारको दिन बसेको सञ्चालक समितिको १५४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा भएको व्यवस्था बमोजिम संस्थाको आर्थिक वर्ष २०७९/०८० को दशौँ वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष **श्री डम्मर मणि थेवे लिम्बु** ज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सू-सम्पन्न गरियो ।

२. **सभाको स्थान, मिति र समय :**

मिति : २०८० साल चैत महिनाको २९ गते विहिवार, तद्नुसार अप्रिल ११, २०२४
समय : बिहान ११:३० बजे
स्थान : नमोबुद्ध बैक्वेट एण्ड इभेन्ट, बनेपा-७, काभ्रेपलाञ्चोक

३. **सभाको सूचना प्रकाशन :**

३.१ यस वित्तीय संस्थाको नियमावलीको नियम १८ (३) र कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०८०/१२/०८ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसै गरी यस सभा सम्बन्धी दोस्रो पटक २०८०/१२/२१ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा समेत सभा हुने जानकारी सहितको सूचना प्रकाशित गरिएको थियो ।

३.२ यस वित्तीय संस्थाको सभा सम्बन्धी जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०८०/१२/०७ गते र कम्पनी ऐन २०६३ बमोजिमको दफा ७८ अनुसारको आर्थिक वर्ष २०७९/०८० को प्रमाणित विवरण नियमानुसार साधारण सभा हुनु भन्दा कम्तिमा २१ दिन अगावै अद्यावधिक गर्नुपर्ने भन्ने प्रावधान बमोजिम मिति २०८०/०९/२९ गते नै कम्पनी रजिष्ट्रार कार्यालयको आधिकारिक वेवसाइड www.ocr.gov.np मा अपलोड गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यू बाट जानकारी भयो ।

३.३ यस वित्तीय संस्थाको दशौँ वार्षिक साधारण सभा प्रयोजनको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/१२/१८ गते सम्म कारोबार भई मिति २०८०/१२/१९ गते सम्म शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त भएको नामसारी लिखतको आधारमा कम्पनीको शेयर दर्ता पुस्तिकामा कायम रहेको शेयरधनी महानुभावहरुको घर ठेगानामा वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण पठाउन नसकिएको कारण कम्पनीको वार्षिक प्रतिवेदन, आर्थिक विवरणको साथ सभाको सूचना यस संस्थाको वेवसाइट www.samata.org.np मा राखिएको साथै कम्पनीको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

४. **सभामा छलफल गरिने विषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिव श्री विश्वराज श्रेष्ठले पूर्व सूचित सूचना अनुसार सभामा देहाय बमोजिम छलफलका बिषयहरु रहेको स्मरण गराउदै विषय सूचीहरु बाचन गर्नुभयो ।

क. <u>सामान्य प्रस्तावहरु :</u>

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. आर्थिक बर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ०.२८५४ प्रतिशतले हुन आउने रकम ११,२४,८४५.८४ (अक्षरेपी एघार लाख चौविस हजार आठ सय पैतालिस दशमलव आठ चार रुपैया मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ख. <u>विशेष प्रस्तावहरु :</u>

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ५.४२२२ प्रतिशतले हुन आउने रकम रु. २,१३,७२,०७१.०५ (अक्षरेपी दुई करोड तेह्र लाख बहत्तर हजार एकहत्तर दशमलव शून्य पाँच रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउँनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति कार्य पश्चात् बन्ने वित्तीय संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत प्राप्ति (एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

३. थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यू) सम्बन्धमा ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिमा नियमानुसार क्रमशः सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

५. उपस्थितिहरु :

५.१ सञ्चालकहरुको उपस्थिति :

क्र.सं.	नाम	पद	समूह	शेयर कित्ता
१.	श्री डम्मर मणि थेवे लिम्बु	अध्यक्ष	संस्थापक	१४०,२१६.८३
२.	श्री राजेश्वर प्रसाद आचार्य	सञ्चालक	संस्थापक	६३,३६१.८७
३.	श्री हरि बहादुर भण्डारी	सञ्चालक	संस्थापक	१६९,६३७.३३
४.	श्री विश्वराम खड्का	सञ्चालक	संस्थापक	५३,१०२.९५
५.	श्री भक्तराम खडका	सञ्चालक	सर्वसाधारण	१,२०२.२१
६.	श्री अनुपा ओझा	सञ्चालक	सर्वसाधारण	१७३.८८
७.	श्री निरंजन पराजुली	सञ्चालक	स्वतन्त्र	०

५.२ प्रमुख तथा विशिष्ट अतिथि :

क्र.स	प्रमुख तथा विशेष अतिथिको नाम	पद	प्रतिनिधित्व
१	श्री पुर्ण प्रसाद आचार्य	प्रमुख कार्यकारी अधिकृत	सिडिएस एण्ड क्लिरिङ्ग लि.
२	श्री राजेन्द्र पसछैं	अध्यक्ष	काभ्रे उधोग बाणिज्य संघ

५.३ कार्यरत कर्मचारीहरुको उपस्थिति :

क्र.स	कर्मचारीहरुको नाम	पद	प्रतिनिधित्व
१	श्री डा. मदन घिमिरे	प्रमुख कार्यकारी अधिकृत	समता घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रे
२	श्री विश्वराज श्रेष्ठ	बरिष्ठ प्रबन्धक/कम्पनी सचिव	
३	श्री निरज कुमार शाह	प्रमुख-वित्त विभाग	
४	श्री ईश्वरी प्रसाद ढकाल	प्रमुख- कर्जा विभाग	
५	श्री टेक बहादुर रोका	प्रमुख- जोखिम तथा असुली विभाग	
६	श्री मिथलेष श्रीबास्तव	प्रमुख-आइटि विभाग	
७	श्री बैजनाथ राम	कर्जा विभाग	
८	श्रीधर काम्चा	जोखिम तथा असुली विभाग	
८	श्री रोशनी श्रेष्ठ	जोखिम तथा असुली विभाग	
९	श्री श्रीराम मगर	जोखिम तथा असुली विभाग	
१०	श्री सुशिल महत	कर्जा विभाग	
११	श्री संगिता तिमल्सिना	जनशक्ति विभाग	
१२	श्री उर्मिला तामाङ	प्रशासन विभाग	
१३	श्री सरिस्ता श्रेष्ठ	कर्जा विभाग	
१४	श्री सुविन्द्र खाती	वित्त विभाग	
१५	श्री रस्मिला थापा	लेखा विभाग	
१६	श्री दिनेश कोइराला	सवारी चालक	
१८	श्री अप्सरा सुवेदी	कार्यालय सहयोगी	

५.४ अन्य पर्यवेक्षकहरुको उपस्थिति :

क्र.स	पर्यवेक्षकहरुको नाम	पद	प्रतिनिधित्व
	आवश्यक नभएको		

५.५ वित्तीय संस्थाको शेयर रजिष्ट्रारको तर्फबाट उपस्थिति :

क्र.स	शेयर रजिष्ट्रार प्रतिनिधिको नाम	पद	प्रतिनिधित्व
१	श्री बद्री प्रसाद प्याकुरेल	प्र.का.अ.	आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
२	श्री अर्जुन भट्टराई	सहायक प्रवन्धक	आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
३	श्री विशाल राज खनाल	अधिकृत	आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड

५.६ निर्वाच अधिकृतको उपस्थिति : आवश्यक नभएको ।

५.७ शेयरधनीहरुको विवरण र उपस्थिति संख्या :

१	कम्पनीको जम्मा शेयरधनी संख्या	उपस्थिति संख्या
१.१	संस्थापक शेयरधनी संख्या	१०९
१.२	सर्वसाधारण शेयरधनी संख्या	११,९६३
२	**जम्मा शेयरधनीहरु मध्ये सभामा उपस्थिति शेयरधनी संख्या :**	
२.१	**संस्थापक शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्याको विवरण**	
	सभा स्थलमा स्वयम् उपस्थिति संख्या	२४
	प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या	५७
२.२	**सर्वसाधारण शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्या**	
	सभा स्थलमा स्वयम् उपस्थिति संख्या	२७
	प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या	१६
	जम्मा उपस्थिति संख्या	१२४

६. सभाको बैधानिकता :

६.१ गणपुरक संख्या :

यस वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८०/१२/१९ गते सम्म कायम शेयरधनी तथा निजहरुले धारण गरेको शेयरको विवरण यस प्रकारको रहेको छ ।

क्र.स.	शेयरधनी	शेयरधनी संख्या	शेयर कित्ता	कैफियत
१	संस्थापक शेयरधनीहरु	१०९	२९,९२,०८९.९५	
२	सर्वसाधारण शेयरधनीहरु	११,९६३	९,४९,४६८.२६	
जम्मा		१२,०७२	३,९४१,५५८.२१	

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभा संचालनको लागि आवश्यक गणपुरक संख्या कम्पनीको कुल चुक्ता पूँजी शेयर संख्याको ५० प्रतिशत भन्दा बढिको उपस्थिति *(कम्पनीको शेयरधनीहरु सभा स्थलमा स्वयम् वा प्रोक्सी प्रतिनिधि मार्फत भएको उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या)* हुनुपर्ने प्रावधान रहेकोमा देहाय बमोजिम शेयरधनीहरुको उपस्थिति रहेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ बाट अवगत भयो र उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानून बमोजिम बोलाइएको हुँदा पूर्व सूचित प्रस्तावहरु माथि छलफल गर्न मञ्जुर गर्नुभयो ।

विवरण	कूल संख्या	शेयरधनी संस्थापक र सर्वसाधारण		
		सभा हलमा स्वयमं उपस्थिति	प्रतिनिधि (प्रोक्सी)	जम्मा
कम्पनीको शेयरधनी संख्या	१२,०७२	५१	७३	१२४
कम्पनीको शेयर कित्ता	३,९४१,५५८.२१	१३,८३,४०९.६३	१०,८८,५१८.७३	२४,७१,९२८.३६
संस्थापक समूह				
शेयरधनी संख्या	१०९	२४	५७	८१
शेयर कित्ता	२९,९२,०८९.९५	१३,७८,२०६.८८	१०,७०,५२९.४४	२४,४८,७३६.३२
सर्वसाधारण समूह				
शेयरधनी संख्या	११,९६३	२७	१६	४३
शेयर कित्ता	९,४९,४६८.२६	५,२०२.७५	१७,९८९.२९	२३,१९२.०४
प्रतिनिधित्व प्रतिशत				६२.७१ %

यस साधारण सभामा कुल शेयर संख्याको **६२।७१ प्रतिशत** शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा कम्पनी ऐन २०६३ को दफा ७३ मा भएको व्यवस्था बमोजिम गणपुरक संख्या पुरा भएको साथै सोहि ऐनको दफा ६९ बमोजिम सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ द्वारा सभामा जानकारी भयो ।

७. आसन ग्रहण :

७.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यू, प्रमुख अतिथि श्री पुर्ण प्रसाद आचार्य ज्यू, विशिष्ट अथिति श्री राजेन्द्र पसछें ज्यू, अथिति श्री बद्री प्रसाद प्याकुरेल ज्यू र सञ्चालकहरु क्रमशः श्री राजेश्वरप्रसाद आचार्य ज्यू, श्री हरि बहादुर भण्डारी ज्यू, श्री विश्वराम खड्का ज्यू, श्री भक्तराम खड्का ज्यू, श्री अनुपा ओझा ज्यू र श्री निरंजन पराजुली ज्यू स्वयम् सभा स्थलमा उपस्थित भई ड्यासमा आसन ग्रहण गर्नु भएको थियो ।

७.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री डा. मदन घिमिरे ज्यू र कम्पनीका बरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

७.३ नियामक निकायहरु नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डका प्रतिनिधि ज्यूहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

७.४ सभा स्थलमा स्वयम् उपस्थित हुनुभएको सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकार साथीहरु लगायत अन्य आमान्त्रित महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

८. सभाको सभापतित्व तथा सभा सञ्चालन :

कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभाको सभापतित्व कम्पनीको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले गर्नु भई सभाको कारवाहि प्रक्रिया अगाडि बढाउन कम्पनी सचिव श्री विश्वराज श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो । तत्पश्चात् प्रमुख अतिथि श्री पुर्ण प्रसाद आचार्य ज्यू तथा सभाका सभापति श्री डम्मर मणि थेवे लिम्बु ज्यूबाट ड्यासमा बत्ती प्रज्वलित गरी सभाको समुद्घाटन गर्दै सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

९. स्वागत मन्तव्य तथा शुभकामना व्यक्त :

यस संस्थाका संचालक श्री विश्वराम खड्का ज्यूले सभामा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरु, सञ्चालक समितिका सदस्य, संस्थापक तथा सर्वसाधारण शेयरधनी एवं सभामा उपस्थित अन्य आमन्त्रित महानुभावहरुलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।

१०. संस्थाको वार्षिक प्रतिवेदन सहित पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत :

यस गरिमामय सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात तथा २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सो अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल गरी निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७९/०८० मा संस्थाले गरेको प्रगति तथा आ.व. २०८०/०८१ को भावी योजना तथा कार्यक्रमहरुको बारेमा विवरण प्रस्तुत गरी पारित गरिदिन हुनको लागि अनुरोध गर्नुभयो साथै पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु बारे जानकारी गराउदै अनुमोदनको लागि समेत अनुरोध गर्नु भयो । अन्त्यमा, धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनी महानुभावहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

११. शेयरधनीको तर्फबाट गरिएको मन्तब्य, जिज्ञासा एवं सूझाव

शेयरधनी महानुभावहरुको तर्फबाट सभामा २ जना शेयरधनी महानुभावले निम्नानुसारको आफ्नो मन्तब्य, जिज्ञासा एवं सूझाव राख्नु भयो ।

क) श्री निरुपमा गुप्ता (डि.खा.नं. १३०११२०००००१४८३) - सर्वसाधारण शेयरधनी

११.१. वित्तीय संस्थाको गरिमामय दशौँ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु हुँदै आर्थिक वर्ष २०७९/०८० को प्रमुख वित्तीय सूचकहरु सन्तोषजनक देखिएका भएता पनि विगतमा यस वित्तीय संस्थाले Double Digit मा शेयरधनीहरुलाई लाभांश वितरण गर्दै आईरहेकोमा यो वर्ष Single Digit मा मात्र लाभांश वितरण गर्ने घोषणा गर्दा शेयरधनीहरुलाई दुःख लाग्नु स्वभाविक भएको भएता पनि आगामी वर्ष देखि Double Digit मा लाभांस वितरण गर्ने गरि कार्यान्वयन प्रक्रिया अघि बढाउँनु हुन साथै बढ्दै गईरहेको निष्क्रिय कर्जा अनुपातलाई थप व्यवस्थित गर्दै सो अनुपातलाई क्रमिक रुपमा घटाउँदै लैजानको लागि वित्तीय संस्थालाई सूझाव सहितको आफ्नो मन्तव्य राख्नु भयो ।

ख) श्री पदम कुमारी कार्की (डि.खा.नं. १३०१३८००००२६६०१) - संस्थापक शेयरधनी

११.१. वित्तीय संस्थाको गरिमामय दशौँ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु हुँदै यस वित्तीय संस्थाले विगत देखि हालसम्म संचालन गर्दै आईरहेको क्रियाकलापहरुको प्रशंसा गर्दै महिलाहरुको आर्थिक एवम् सामाजिक उत्थान हुने गरि लघुउद्यम कार्यक्रमहरु संचालनलाई थप जोड दिने गरि कार्यान्वयन प्रक्रिया अघि बढाउनु हुन सूझाव सहितको आफ्नो मन्तव्य राख्नु भयो ।

१२. सञ्चालक समितिको तर्फबाट जिज्ञासा र सुझाव बारे जानकारी :

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति ज्यूले शेयरधनी महानुभावहरुबाट आएको जिज्ञासा तथा सुझावलाई संस्थाको हितमा शेयरधनीबाट भएको सकरात्मक धारणाको प्रशंसा गर्दै बुँदागत रुपमा प्रष्ट पार्नुभयो ।

१२.१ .सूझावको लागि निरुपमा गुप्ता ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै समिक्षा अवधिमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभाव साथै हाल लघुवित्त क्षेत्रमा विभिन्न अराजक समुहहरुबाट

फिल्ड गतिविधिमा पुऱ्याउँदै आईरहेको समस्याको कारण लक्ष्य अनुसार वित्तीय संस्थाले प्रगति हासिल गर्न चुनौति सिर्जना भएको र सोहि कारण निष्क्रिय कर्जाको अनुपातमा समेत तुलनात्मक रुपमा केहि बृद्धि भएको देखिन आएको भएता पनि हाल आएर फिल्ड गतिविधिमा केहि सुधार देखिए सँगै आगामी बर्ष देखि शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै आकर्षण लाभांश वितरणमा वित्तीय संस्था प्रयत्नरत रहने व्यहोरा जानकारी गराउँनु भयो ।

१२.२ .सूझावको लागि पदम कुमारी कार्की ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै यस वित्तीय संस्थाले महिलाहरुको क्षमता अभिबृद्धि सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन गर्दै आईरहेको भएता पनि यस कार्यलाई आगामी दिन देखि थप प्राथमिकताका साथ अघि बढाउने गरि कार्यान्वयन प्रक्रिया अघि बढाईने व्यहोरा जानकारी गराउँनु भयो ।

सभामा उठेको जिज्ञासा र सूझावहरुका सम्बन्धमा सञ्चालक समितिका सदस्य तथा सभाका सभापती ज्यूले जवाफ दिनुभए पछि सभाको साधारण तथा विशेष प्रस्ताव उपर छलफल तथा निर्णयका लागि सभापती ज्यू द्वारा सभामा अनुरोध गरियो ।

१३. सभाबाट भएको निर्णयहरु :

यस सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सूझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमशः पारित गरिदिन सभापति ज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाका शेयरधनी महानुभावहरुले देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

क. निर्धारित सामान्य प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.१) मा भएको प्रस्ताव अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा समेटिएको विवरणहरु निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन उपस्थित शेयरधनी महानुभावहरुले प्रशंसा सहित ध्वनीमतले पारित गरियो ।

२. आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.२) मा भएको प्रस्ताव अनुसार कम्पनीको बाह्य लेखापरीक्षक श्री एस एण्ड एस एसोसियट्सका सिए सुधिर कुमार शर्माद्वारा प्रमाणित आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदनमा (NFRS) अनुसार तयार पारिएको वित्तीय विवरणहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो वित्तीय विवरण तथा प्रतिवेदनहरु सभाद्धारा ध्वनीमतले पारित गरियो ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

निर्धारित विषयसूची नं. ४(क.३) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्न संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भई

सञ्चालक समितिले समेत उचित ठहराए बमोजिम बाह्य लेखापरीक्षक श्री S & S Associates, Chartered Accountants, Kathmandu लाई नियुक्त गर्ने र निजलाई कम्पनीको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को विवरण प्रमाणिकरण शूल्क बापत भ्याट बाहेक रु. ३,००,०००/-(अक्षरेपी तिन लाख रुपैया मात्र), लेखापरीक्षण अवधिमा दैनिक भत्ता स्वरुप मूख्य लेखापरीक्षकलाई रु. ३,५००/- (अक्षरेपी तिन हजार पाँच रुपैया मात्र), लेखापरीक्षण कार्यमा संलग्न अन्य पदाधिकारीहरुलाई रु. १,४००/- (अक्षरेपी एक हजार चार सय मात्र) र स्थलगत यातायातको बास्तविक खर्च अनुसार प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

४. आर्थिक बर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.४) मा भएको प्रस्ताव अनुसार कम्पनीको सञ्चालक समितिबाट नियमानुसार स्वीकृत आर्थिक वर्ष २०८०/०८१ को प्रस्तुत वार्षिक कार्यक्रम, योजना तथा बजेट अनुसार बाँकी समयावधिमा हालको परिस्थितिमा लक्ष्य अनुसार प्रगति हासिल हुन केहि कठिनाई हुने संभावना रहेको भन्ने जिज्ञासा सहित सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो । जसमा ६१ वटा शाखा कार्यालयहरु मार्फत कूल लगानीमा रहेको कर्जा रु. ४ अर्व ७५ करोड, निक्षेप संकलन रु. १ अर्व ५० करोड पुऱ्याउने लक्ष्य सहित कुल व्याज आम्दानी रु. ५९ करोड ३ लाख र कुल व्याज खर्च रु. ३६ करोड ३२ लाख हुने गरी खुद मूनाफा रु. ६ करोड ४९ लाख आर्जन गर्ने गरी योजना गरिएको बजेट तथा अन्य गैर वित्तीय क्रियाकलापहरु अर्न्तगत ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न किसिमको सीपमूलक तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने प्रस्तावित योजना तथा कार्यक्रमहरु समेत समेटिएको छ । साथै, मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गर्ने कार्य चालु आर्थिक वर्ष भित्र सम्पन्न भए उल्लेखित लक्ष्यमा केहि परिवर्तनहरु हुन सक्ने व्यहोरा समेत सभालाई अवगत गराईयो ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ०.२८५४ प्रतिशतले हुन आउने रकम ११,२४,८४५.८४ (अक्षरेपी एघार लाख चौविस हजार आठ सय पैतालिस दशमलव आठ चार रुपैया मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.५) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०८० असार मसान्तसम्म कायम कूल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ५.४२२२ प्रतिशतले हुन आउने रकम रु. २,१३,७२,०७१.०५ (अक्षरेपी दुई करोड तेह्र लाख बहत्तर हजार एकहत्तर दशमलव शून्य पाँच रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रयोजनार्थ कुल चुक्ता पूँजीको ०.२८५४ प्रतिशतले हुन आउने रकम रु. ११,२४,८४५.८४ (अक्षरेपी एघार लाख चौविस हजार आठ सय पैतालिस दशमलव आठ चार रुपैया मात्र) प्रचलित कानून बमोजिम कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

ख. निर्धारित बिशेष प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को

५.४२२२ प्रतिशतले हुन आउने रकम रु. २,१३,७२,०७१.०५ (अक्षरेपी दुई करोड तेह्र लाख बहत्तर हजार एकहत्तर दशमलव शून्य पाँच रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(ख.१) अन्तर्गत रहेको कम्पनीको आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०८० असार मसान्तसम्म कायम रहेको कूल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ५.४२२२ प्रतिशतले हुन आउने रकम रु. २,१३,७२,०७१.०५ (अक्षरेपी दुई करोड तेह्र लाख बहत्तर हजार एकहत्तर दशमलव शून्य पाँच रुपैया मात्र) बोनस शेयर जारी गर्न संचालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैकद्धारा समेत स्वीकृत भएको प्रस्तावित बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाद्धारा मुक्तकण्ठले प्रशंसा गर्दै सर्वसम्मतिले पारित गरियो ।

२. **समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउँनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति कार्य पश्चात् बन्ने वित्तीय संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत प्राप्ति (एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.२) मा भएको प्रस्ताव अनुसार नेपाल राष्ट्र बैंकद्वारा लघुवित्त संस्थाहरु बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) लाई बिशेष प्राथमिकता राख्दै आइरहेको साथैं हालको विद्यमान परिस्थितिमा उपयुक्त लघुवित्त संस्थाहरु एक आपसमा गाभिई वा प्राप्ति गरि पूँजीगत एवम् कार्यक्रमगत दृष्टिकोणले दरिलो एवम् उत्कृष्ट हुनु आफैंमा सकारात्मक पक्ष भएको धारणा सभामा उपस्थित शेयरधनीहरुले प्रस्तुत गर्नु हुँदै यस वित्तीय संस्थाले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा देहायको प्रस्तावहरुमा आवश्यक छलफल गरी तपसिल बमोजिमको निर्णयहरु समेत सभाद्वारा ध्वनीमतले पारित गरियो ।

२.१. **प्राप्ति (एक्विजिशन) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

यस वित्तीय संस्थाको मिति २०७९ चैत ११ गते सम्पन्न नवौं वार्षिक साधारण सभाको विशेष प्रस्ताव मार्फत यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यको लागि बर्तमान सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रहि रुपन्देही जिल्ला, सिदार्थनगर नगरपालिका, वडा नं. ५ मा केन्द्रीय कार्यालय रहि नेपाल राष्ट्र बैकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त प्रदेशस्तरको कार्यक्षेत्र रहेको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजशन) गर्ने उद्देश्यले मिति २०८० भदौ ७ गते प्रारम्भिक समझदारीपत्रमा (MOU) मा हस्ताक्षर सम्पन्न भई नियमानुसार नेपाल राष्ट्र बैकबाट मिति २०८० मंसिर २७ गते सैद्धान्तिक सहमति (LOI) प्राप्त भएको साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०८० पुष १९ गते पूर्व सहमति प्राप्त भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (पाचौं संशोधन २०७९ सहित), धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका २०७९, बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून बमोजिम ई वित्तीय संस्था बिच भएको प्रारम्भिक सम्झौतापत्रमा उल्लेखित सहमति बमोजिम गठित सँयुक्त

प्राप्ति समितिले तोकिएको कार्ययोजना अनुरुप प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यान्वयन प्रक्रिया नियमसंगत ढंगबाट अघि बढाउँदै आइरहेको र यस वार्षिक साधारण सभा सम्पन्न पश्चात् यथाशिघ्र अन्तिम सम्झौतापत्रमा हस्ताक्षर कार्य सम्पन्न गरि अन्तिम स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धीत अन्य नियामक निकायहरु समक्ष पेश गर्ने व्यहोरा सहितको अध्यक्ष ज्यूद्वारा प्रस्तुत प्रतिवेदनलाई सभाद्वारा ध्वनीमतले पारित गरियो ।

२.२. व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) को लागि गरिएको मूल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने उद्देश्यले सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit (DDA) कार्य सम्पन्न गर्ने गरि नियमानुसार सँयुक्त प्राप्ति समितिद्वारा नियुक्ति गरिएको मूल्यांकनकर्ता श्री एन. वि. रोकाया एण्ड एसोसियट्स, धापाखेल, ललितपुरद्वारा प्रचलित ऐन, कानून एवम् दुई पक्ष विच भएको सहमतिको अधिनमा रहि नियमानुसार सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit (DDA) कार्य सम्पन्न गर्दा तोकिएको शूल्क सहित देहाय बमोजिमको खर्चहरु भएको र उक्त खर्चहरु आवश्यकता एवम् औचित्यताको आधारमा नै भएको भन्ने राय सहितको प्रस्ताव एवम् मुल्यांकनकर्ता नियुक्ति अनुमोदनको लागि सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो ।

तपसिल :

क्र.सं.	खर्चको शिर्षक	रकम (रु.)	कैफियत
१.	**Due Diligence Audit (DDA)** मुल्यांकनकर्ता शुल्क	रु. २,५०,०००/-	भ्याट सहित
२.	शाखागत स्थलगत भ्रमण खर्च	रु. २१,८२९।९९	
	यातायात खर्च	१४,८००/-	
	आवास तथा खाना खर्च	७,०२९।९९	
	कुल खर्च	रु. २,७१,८२९।९९	
अक्षरेपी : दुई लाख एकहत्तर हजार आठ सय उन्तीस रुपैया उन्नानशय पैसा मात्र			

साथै, दुई पक्ष बिच भएको प्रारम्भिक समझदारी पत्रको बुदाँ नं. ४ मा उल्लेखित अनुमानित लागतको अधिनमा रहि माथि उल्लेखित Due Diligence Audit (DDA) खर्च बाहेक सँयुक्त प्राप्ति समितिको पदाधिकारीहरुको हालसम्मको बैठक भत्ता (हालसम्म ५ वटा बैठक सम्पन्न) रु. ९०,०००/- तथा बैठक व्यवस्थापन खर्च रु. ७,४८०/- गरि कुल खर्च रु. ९७,४८०/- (अक्षरेपी सन्तानव्वे हजार चार सय असि रुपैया मात्र) भएकोमा उक्त खर्चलाई अनुमोदन गर्ने गरि गरिएको प्रस्ताव र प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रक्रिया अघि बढाउँने सन्दर्भमा नियमानुसार संचालन हुने सँयुक्त प्राप्ति समितिको बैठक तथा सो बैठकमा हुने बास्तविक खर्चहरु एवम् समझदारी पत्रको बुँदा नं. ४ मा उल्लेखित प्राप्ति सम्बन्धी अन्य आवश्यक खर्चहरु गर्ने गरि प्रक्रिया अघि बढाउँनको लागि गरिएको प्रस्ताव समेत सभाद्वारा पारित गरियो ।

२.३. प्राप्ति (एक्विजिशन) सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU), सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन, संयुक्त प्राप्ति समिति तथा सञ्चालक समितिद्वारा भए गरेका निर्णयहरुको अनुमोदन गर्ने ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने उद्देश्यले सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU) र उक्त समझादरीपत्रमा उल्लेखित देहायको मूख्य बुँदाहरु, मूल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति, दायित्व तथा

कारोवार मूल्यांकन प्रतिवेदन (DDA Report) मा उल्लेखित विषयवस्तुहरु साथै प्राप्ति (एक्विजिशन) सम्बन्धमा संयुक्त प्राप्ति समिति तथा संचालक समितिद्धारा हालसम्म भए गरेका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

सहमतिको मुख्य बुदाँहरु देहाय बमोजिम रहेको छ :

- समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गरे पछि वित्तीय संस्थाको नाम "समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड" कायम रहने साथै "घ" वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने ।
- प्राप्ति (एक्विजिशन) कार्य पश्चात् समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेको रजिष्टर्ड (केन्द्रीय) कार्यालय हाल समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको बनेपा नगरपालिका, वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक कायम रहने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थाको कम्पनी दर्ता नं., नेपाल नेपाल राष्ट्र बैंकको इजाजतपत्र नं. र स्थायी लेखा नं. क्रमशः १११५४८/६९/०७०, ने.रा.बैंक/इ.प्रा."घ"/९४/०७५/०७६ र ६०१०२८२४९ प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको कायम हुने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं. १७६३६७/०७४/०७५, ने.रा.बैंक/इ.प्रा./"घ"/६५/०७४/७५ र स्थायी लेखा नं. ६०६८७२१०० लाई खारेज गरिने गरि सहमति भएको ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ३ जना र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट २ जना रहने गरि कूल ५ सदस्यीय संयुक्त प्राप्ति समिति गठन भई प्राप्ति सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन अख्तियारी प्रदान गरिएको ।
- बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को ९ (क) अनुसार DDA बाट प्राप्त रिपोर्ट अनुसार नेटवर्थमा बढीमा १० प्रतिशतसम्म थपघट गरि समायोजित आधार नेटवर्थ (Revised Base Networth) गणना गरि आपसी सहमतिमा शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ कायम गर्ने सहमति भएको ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोवार पश्चात् वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने गरि सहमति भएको साथै लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थामा नायव प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गरिनुको साथै अन्य कर्मचारीहरुको हकमा प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम श्रेणी तथा पद विभाजन एवम् तलव, भत्ता तथा अन्य सुविधाहरुलाई आधार मानि लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल कार्यरत कर्मचारीहरुको योग्यता, अनुभव, दक्षता, कार्यविधिको आधारमा हाल खाईपाई आएको कुल तलब, भत्ता नघट्ने गरि समायोजन गरिने सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोवार शुरु भए पश्चात् वित्तीय संस्थाको संचालक समितिमा प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था

लिमिटेडको हाल कायम संचालक समितिको पदाधिकारीहरुलाई नै निरन्तरता दिईने सहमति भएको ।

- प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थाको कार्य प्रणालीमा थप विश्वसनियता कायम गराउँने उद्देश्यले एकिकृत कारोवार पछिको पहिलो वार्षिक साधारण सभा सम्पन्न नभएसम्मको लागि नियमानुसार संचालन हुने संचालक समितिको बैठकमा लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउँने गरि सहमति भएको ।
- हालको मौद्रिक नीति एवम् नेपाल राष्ट्र बैंकद्वारा जारी भएको निर्देशन बमोजिम हाल प्रक्रियामा रहेको प्राप्ति (एक्विजिशन) सम्बन्धी प्रक्रिया बाहेक सो अवधिमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई समेत प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा दुवै वित्तीय संस्थाको आपसी सहमतिमा सम्बन्धीत पक्षसँग छलफल गरि प्रक्रिया अघि बढाउँन प्राप्त गर्ने संस्था समता घरेलु लघुवित्त वित्तीय संस्था लि.लाई अख्तियारी रहने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कार्यान्वयनमा रहेको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली लगायत अन्य सम्पूर्ण आन्तरिक कार्यविधि, निर्देशिका आदिलाई नै लागू गरिने गरि सहमति भएको ।
- अन्य सहमतिको बुँदाहरु प्रारम्भिक समझदारीपत्र (MOU) मा उल्लेख भए बमोजिम हुने गरि सहमति भएको ।

२.४. मूल्यांकनकर्ताबाट प्राप्त चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान दर (Share Swap Ratio) पारित गरि प्राप्ति (एक्विजिशन) सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउँने ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि गठित संचालक स्तरिय संयुक्त प्राप्ति समितिलाई नियमानुसार प्रत्यायोजन गरिएको अख्तियारको अधिनमा रहि नियुक्ति गरिएको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit (DDA) को मूल्यांकनकर्ता श्री एन.वि. रोकाया एण्ड एसोसियट्स, ललितपुरद्वारा उपलव्ध गराईएको प्रतिवेदन बमोजिम प्रति शेयर आधार नेटवर्थ (Base Net Worth Per Share) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. १२६।२१ र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. ११४।६० कायम भई शेयर स्वाप अनुपात (Share Swap Ratio) १०० : ९०।८० (समता घरेलु लघुवित्त वित्तीय संस्था लि. : मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.) हुने देखिएकोमा प्राप्ति (एक्विजिशन) सम्वन्धमा भएको प्रारम्भिक समझदारीपत्र (MOU) को बुदाँ नं. ८ (ख) मा भएको सहमति साथै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र प्राप्ति (एक्विजिशन) सम्वन्धी विनियमावली २०७३ को विनियम ९(क) को व्यवस्था बमोजिम खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्दा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिको ९।२० प्रतिशतले घटाई गणना गरिएको समायोजित आधार नेटवर्थ (Revised Base Net Worth) बमोजिम सोही विनियमावलीको विनियम ८(ख) मा उल्लेखित विधि बमोजिम संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) एक बराबर एकको अनुपात (१:१) अर्थात् समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर कायम गर्ने निर्णय भएको र उक्त शेयर आदान प्रदान दरमा प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रक्रिया अघि बढाउँन उपयुक्त

देखिएको राय सहित संचालक समितिद्वारा पेश गरिएको प्रस्तावलाई सभाद्वारा ध्वनीमतले पारित गरियो ।

२.५. प्राप्ति (एक्विजिशन) कार्यको लागि अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गरिएको ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा नियमानुसार गरिने अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत प्राप्ति (एक्विजिशन) सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउँनको लागि बर्तमान संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

२.६. प्राप्ति (एक्विजिशन) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, संस्थापक तथा सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव पारित गरिएको ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको प्रारम्भिक समझदारी पत्रको बुदा नं. २ (क र ख) मा भएको सहमति बमोजिम प्राप्ति (एक्विजिशन) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम र ठेगाना हाल कायम यस वित्तीय संस्थाको नाम र ठेगाना नै कायम हुने भएको भएता पनि प्राप्ति पश्चात् वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी र शेयर स्वामित्व अनुपातमा परिवर्तन हुने हुँदा वित्तीय संस्थाको हाल कायम प्रवन्धपत्रमा देहायको दफाहरुमा तपसिल अनुसार संशोधन गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो । साथै यस सम्बन्धी विस्तृत तिन महले विवरण बुदाँ नं.१४ मा उल्लेख गरिएको छ ।

तपसिल :

६.(क) वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्व बिस करोड रुपैया मात्र) हुनेछ । सो पूँजी प्रति शेयर रु. १००/- दरका १,२०,००,००० (अक्षरेपी एक करोड बिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६.(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ५९,९०,९६,७२८/- (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय अट्ठाइस मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ५९,९०,९६७।२८ (अक्षरेपी उन्साठ्ठी लाख नव्वे हजार नौ सय सरसट्ठि दशमलव दुई आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६.(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय अट्ठाइस मात्र) हुनेछ ।

६.(घ) सर्वसाधारण शेयरधनीहरुलाई "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३०।५२ प्रतिशत हुनेछ ।

६.(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६९।४८ प्रतिशत हुनेछ ।

२.७. प्राप्ति (एक्विजिश) कार्य पश्चात् कायम हुने संचालक समिति सम्बन्धमा ।

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको प्रारम्भिक समझदारी पत्रको बुँदा नं. १० (क) मा भएको सहमति बमोजिम प्राप्ति प्रश्चात् वित्तीय संस्थाको संचालक समितिमा प्राप्ति गर्ने संस्था यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम संचालक समितिको

देहायको पदाधिकारीहरुलाई नै नियमानुसार निरन्तरता दिने गरि गरिएको प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

तपसिल :

क्र.स.	नाम	पद	समुह
१	श्री डम्मर मणि थेवे लिम्बु	अध्यक्ष	संस्थापक
२	श्री राजेश्वरप्रसाद आचार्य	सञ्चालक	संस्थापक
३	श्री विश्वराम खड्का	सञ्चालक	संस्थापक
४	श्री हरि बहादुर भण्डारी	सञ्चालक	संस्थापक
५	श्री भक्तराम खड्का	सञ्चालक	सर्वसाधारण
६	श्री अनुपा ओझा	सञ्चालक	सर्वसाधारण
७	श्री निरंजन पराजुली	सञ्चालक	स्वतन्त्र

३. थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यू) सम्बन्धमा ।

निर्धारित विषयसूची नं. ४(ख.३) मा भएको प्रस्ताव अनुसार साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच प्रचलित नियमानुसार एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् बनेको यस समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को शेयर संरचना अनुपात ७५।९१ : २४।०९ (संस्थापक : सर्वसाधारण) कायम हुन गएको र वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर संरचना अनुपात ७० :३० (संस्थापक : सर्वसाधारण) कायम गर्नुपर्ने प्रावधान बमोजिम नियमानुसार नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिई नपुग शेयर रकम रु. ३,३२,८५,६०० (३,३२,८५६ कित्ता) बराबरको थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यू) गर्ने गरि बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लि. मार्फत विवरणपत्र लगायत अन्य आवश्यक कागजातहरु मिति २०८०/०३/१८ गते नेपाल धितोपत्र बोर्डमा पेश गरिएको तर वार्षिक साधारण सभा संचालन प्रयोजनार्थ तोकिएको शेयर दर्ता किताब बन्द (Book Close) मिति अगावै उक्त थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक अफर) को अन्तिम स्वीकृति नेपाल धितोपत्र बोर्डबाट उपलव्ध हुन नसकि हाल कायम चुक्ता पुँजी रु. ३९,४१,५५,८२१/- को आधारमा प्रस्तावित बोनस शेयर रकम रु. २,१३,७२,०७१।०५ (५.४२२२ प्रतिशत) बाँडफाँड भई पूँजीकृत हुँदा कुल चुक्ता पुँजीमा परिवर्तन भई प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम ७० :३० (संस्थापक : सर्वसाधारण) कायम गर्ने गरि थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक अफर) रकम रु. ३,५०,९०,४२५/- कायम हुने देखिएको हुँदा हाल प्रक्रियामा रहेको थप सार्वजनिक निष्काशन प्रक्रियालाई यथावत नै रहने गरि रु. ३,५०,९०,४२५/- बराबरको थप सार्वजिनक निष्काशन (फर्दर पव्लिक अफर) सम्बन्धी प्रक्रिया नियमानुसार अघि बढाउँने सम्बन्धी प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

तपसिल :

सि.नं.	समूह	बोनस शेयर समायोजन हुनुभन्दा अघि चुक्ता पुजीको विवरण		पारित बोनस शेयर (५।४२२२ प्रतिशत)	बोनस समायोजन पश्चात् चुक्ता पुजी	सर्वसाधारणलाई पुन: शेयर (FPO)	FPO पश्चात् कायम हुने चुक्ता पुजी	FPO पश्चात् कायम हुने शेयर संरचना
		कूल चुक्ता पुजी	देखिएको पुजी संरचना					
१	संस्थापक	२९९,२०८,९९५	७५.९१%	९६,२२३,८२७	३९५,४३२,८२२	-	३९५,४३२,८२२	७०.००%
२	सर्वसाधारण	९४,९४६,८२६	२४.०९%	५,१४८,२४४	१००,०९५,०७०	३५,०९०,४२५	१३५,१८५,४९५	३०.००%
जम्मा		३९४,१५५,८२१	१००%	२१,३७२,०७१.०५	४१५,५२७,८९२	३५,०९०,४२५	४५०,६१८,३१७	१००.००%

साथै, सम्बन्धीत नियामक निकायहरुबाट उल्लेखित नपुग शेयर रकम तथा प्रक्रियामा आवश्यक फेरबदल तथा थपघट गर्ने निर्देशन वा सूझाव प्राप्त भए सो उपर आवश्यक छलफल गरि संशोधन प्रस्ताव सहित प्रवन्धपत्रको आवश्यक दफाहरु संशोधनको लागि नियमानुसार प्रक्रिया अघि बढाउँने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत सभाद्वारा ध्वनीमतले पारित गरियो ।

४. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिमा नियमानुसार क्रमशः सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.४) मा भएको प्रस्ताव अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/०१/०२ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा द.नं. १११५४८/०६९/०७० बाट दर्ता भई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ४७ को उपदफा (४) तथा त्यस बैकबाट जारी निर्देशन एवम् शर्तहरुको अधिनमा रहि मिति २०७०/०५/०२ गते वित्तीय कारोवार सञ्चालन गर्न इजाजतपत्र प्रदान गरेको साविक समता लघुवित्त वित्तीय संस्था लि. ले मिति २०८०/०५/०२ गते बाट वित्तीय कारोवार संचालन गरेको दश वर्षको अवधि पुरा गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको स्वामित्वमा रहेको संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्न आवश्यक देखिएकोले एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १० (१३) मा भएको प्रावधान बमोजिम साविक समता लघुवित्त वित्तीय संस्था लि. को संस्थापक शेयरधनीहरुको स्वामित्वमा रहेको संस्थापक शेयरलाई नियमानुसार नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई क्रमिक रुपमा सर्वसाधारण शेयरमा परिणत गर्ने गरि आवश्यक प्रक्रिया अघि बढाउँने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो । साथै, यस सम्बन्धी आवश्यक विवरणहरु तयार गर्ने तथा कानूनी कागजातहरु तयार गर्ने, आवश्यक प्रक्रिया अघि बढाउँने, सम्बन्धीत नियमनकारी निकायहरुबाट यस सम्बन्धमा कुनै पनि प्रकारको निर्देशन एवम् सूझावहरु प्राप्त भए सो समेत समायोजन गरि आवश्यक प्रक्रिया अघि बढाउँने गरि वित्तीय संस्थाको संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियार प्रत्यायोजन गर्ने प्रस्ताव समेत सभाद्वारा पारित गरियो ।

५. **अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.५) मा भएको प्रस्ताव अनुसार यस वित्तीय संस्थालाई पूँजीगत तथा कार्यक्रमगत दृष्टिकोणले थप दरिलो एवम् उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित गराउँनको लागि भविष्यमा अन्य उपयुक्त लघवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन-DDA गर्ने साथै सम्बन्धीत नियामक निकायहरुद्वारा जारी गरिएको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रावधानहरु बमोजिम आवश्यक सम्पूर्ण प्रक्रियाहरु पुरा गर्न गराउँनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

६. **वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.६) मा भएको प्रस्ताव अनुसार माथि उल्लेखित विशेष प्रस्ताव तथा निर्णयहरुमा सम्बन्धीत नियमनकारी निकायहरुबाट स्वीकृति लिने तथा अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई प्रवन्धपत्र तथा नियमावलीको आवश्यक दफा तथा नियमहरु संशोधन एवम् परिवर्तन गर्ने लगायत सो सँग सम्बन्धी अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

ग. **विविध**

यस दशौँ वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि यस सभाका सभापती तथा संचालक समितिका अध्यक्ष, संस्थाका प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको हस्ताक्षर मान्य हुने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१४. वित्तीय संस्थाको प्रवन्धपत्रको आवश्यक दफा संशोधन प्रयोजनार्थ सभाद्वारा पारित तीन महले विवरण :

दफा	प्रबन्धपत्रको हालको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नुपर्ने कारण
६.(क)	वित्तीय संस्थाको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) हुनेछ । सो पूँजी प्रति शेयर रु. १००/- दरका ५०,००,००० (अक्षरेपी पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	वित्तीय संस्थाको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्व बिस करोड रुपैया मात्र) हुनेछ । सो पूँजी प्रति शेयर रु. १००/- दरका १,२०,००,००० (अक्षरेपी एक करोड बिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति पश्चात् कुल चुक्ता पूँजी र जारी पूँजी बृद्धि हुनुको साथै भविष्यमा हुने पूँजी बृद्धि तथा अन्य लघुवित्त संस्थाहरुसँग गाभ्ने गाभिने तथा प्राप्तिको संभावना रहेकोले ।
६.(ख)	वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ४२,७४,४१,४२१/- (अक्षरेपी बयालिस करोड चौहत्तर लाख एकचालिस हजार चार सय एक्काईस मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ४२,७४,४१४।२१ (अक्षरेपी बयालिस लाख चौहत्तर हजार चार सय चौध दशमलव दुई एक) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ५९,९०,९६,७२८/- (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय अट्ठाइ मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ५९,९०,९६७२८ (अक्षरेपी उन्साठ्ठी लाख नव्वे हजार नौ सय सरसट्ठि दशमलव दुई आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति पश्चात् कुल चुक्ता पूँजी तथा जारी पूँजी देहाय अनुसार परिवर्तन हुने भएकोले । तपसिल : १. समता घरेलु लघुवित्तको हाल कायम चुक्ता पूँजी : रु. ३९,४१,५५,८२१/- २. समता घरेलु लघुवित्तको प्रस्तावित बोनस शेयर : रु. २,१३,७२,०७१/- ३. बोनस शेयर पुँजीकृत पश्चात् कुल चुक्ता पुँजी : रु. ४१,५५,२७,८९२/- ४. प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार शेयर संरचना अनुपात ७०:३० कायम हुने गरि थप सार्वजनिक निष्काशन (FPO) शेयर रकम :रु. ३,५०,९०,४९५/- *५. FPO समेतको कुल चुक्ता पूँजी (३+ ४) : रु. ४५,०६,१८,३१७/-* ६. मनकामना स्मार्ट लघुवित्तको हाल कायम चुक्ता पुँजी : रु. १४,८४,७८, ७. प्राप्ति पश्चात् कायम हुने कुल चुक्ता पुँजी (५+६) : रु. ५९,९०,९६,७२८/-
६.(ग)	वित्तीय संस्थाको चुक्ता पूँजी रु. ४२,७४,४१,४२१/- (अक्षरेपी बयालिस करोड चौहत्तर लाख एक्चालिस हजार चार सय एक्काईस मात्र) हुनेछ ।	वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय अट्ठाइ मात्र) हुनेछ ।	

दफा	प्रबन्धपत्रको हालको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नुपर्ने कारण
६.(घ)	वित्तीय संस्थाले जारी पूँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ ।	सर्वसाधारण शेयरधनीहरुलाई "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३०।५२ प्रतिशत हुनेछ ।	प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थाको कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- कायम भई शेयर संरचना ६९।४८ : ३०।५२ (संस्थापक : सर्वसाधारण) हुने भएकोले । कुल चुक्ता पूँजी मध्ये : १.संस्थापक: समता घरेलु लघुवित्त : रु. ३१,५४,३२,८२२ मनकामना स्मार्ट लघुवित्त : रु. १०,०८,०३,५४४ कुल संस्थापक शेयर : रु. ४१,६२,३६,३६६ (६९.४८%) २.सर्वसाधारण: समता घरेलु लघुवित्त : रु. १३,५१,८५,४९५ मनकामना स्मार्ट लघुवित्त : रु. ४,७६,७४,८६८ कुल सर्वसाधारण शेयर : रु. १८,२८,६०,३६३ (३०.५२%)
६.(ङ)	संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।	संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६९।४८ प्रतिशत हुनेछ ।	

१५. धन्यवाद ज्ञापन :

यस संस्थाको संचालनमा सहयोग गर्ने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत सरोकारवाला निकायहरु तथा अन्य व्यक्तित्वहरुलाई धन्यवाद दिने निर्णय गरियो । साथै संस्था संचालनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग एवम् सूझाव प्रदान गर्नुहुने सर्म्पूण शेयरधनी महानुभावहरुलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१६. कम्पनी सचिवबाट यस साधारण सभामा समावेश विषयसूची अर्न्तगतका सम्पूर्ण विषयहरु माथि छलफल तथा निर्णयहरु समाप्त भएको व्यहोरा जानकारी गराए अनुरुप आजको यस साधारण सभा समापन गरिदिनको लागि सभाका सभापती महोदयलाई अनुरोध गरियो ।

१७. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात् सभापति ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सल्लाह तथा सूझावको लागि हार्दिक धन्यवाद दिनुको साथै यस दशौँ वार्षिक साधारण सभा शान्त एवम् सौहार्दपूर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने विभिन्न नियमनकारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरु, पत्रकार साथीहरु, उपस्थित कार्यरत कर्मचारीहरु लगायत यस सभा हल उपलब्ध गराई सहयोग गर्नु हुने नमोबुद्ध बैक्वेट एण्ड इभेन्ट, बनेपालाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस दशौँ वार्षिक साधारण सभा दिउँसो १:१५ बजे बिसर्जन गरियो ।

.....
श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

.....
श्री उस्मर मणि थेवे लिम्बु
अध्यक्ष

.....
श्री विश्वराज श्रेष्ठ
कम्पनी सचिव

(सभा सम्पन्न मिति २०८० साल चैत महिनाको २९ गते विहिवार तदनुसार अप्रिल ११, २०२४)